# डेडिकेटेड र ट्रंकलाइन महसुल विवादमा लेखा समिति निष्कर्षविहिन



काठमाडौं(जस)-उद्योगीले विद्युत् प्राधिकरणलाई तिर्नुपर्ने डेडिकेटेड तथा ट्रंक लाइनको वक्यौताबारे निर्णय गर्न बसेको संसदको सार्वजनिक लेखा समिति बैठक लफडाकै बीच सकिएको छ । समितिका सभापति ऋषिकेश पोखेलले यो विषयमा छानबिन गर्न अख्तियार दुरुपयोग अनुसन्धानमा लेखी पठाउनेलगायतका निर्णय सुनाउने तयारी गर्दा माओवादी केन्द्रका सांसदले चर्को विरोध जनाए । यस्तै सत्ता साझेदार कांग्रेस सांसद तथा अन्य सांसदहरूले पनि अख्तियारमा पठाउने विषयमा सहमति जनाएनन् ।

आइतबारको बैठकमा निर्णयका लागि तयार भएको ६ बुँदामा नेकपा माओवादी केन्द्र र नेपाली कांग्रेससहित रास्वपाका सांसदहरूले असहमति राखेका थिए । नेपाली कांग्रेसका नेता डा. मिनेन्द्र रिजालको नेतृत्वमा बनेको समितिले बनाएको प्रतिवेदन कार्यान्वयन गर्ने वा नगर्ने भन्ने विषयमा विवाद बढेको थियो । तर, सभापति पोखेल निर्णय सुनाउने कार्यबाट पछाडि नहट्ने देखिएपछि माओवादी केन्द्रका अमनलाल मोदी र लेखनाथ दाहालले चर्को विरोध जनाए । कांग्रेस सांसद अर्जुननरसिंह केसीले अख्तियारमा पठाउने विषयमा आफ्नो समर्थन नरहेको बताए भने नेकपा एकीकृत समाजवादीका प्रेम आलेले पनि यो बैठकमा एक मात्र निर्णय गर्नुपर्ने बताए ।

यता एमाले सांसद वासुदेव घिमिरेले प्राधिकरणले तीन महिनाभित्र २१ अर्ब ८८ करोड वक्यौता रकम उठाउने निर्णय गरौँ भनेपछि अधिकांश सांसदले टेबुल ठोकेर समर्थन गरे । उनको यो प्रस्ताव माओवादीका लागि काउन्टर प्रस्ताव थियो । किनकी तत्कालीन प्रचण्ड सरकारले उद्योगीलाई १६ अर्ब वक्यौता छुट दिएको थियो ।

अहिले एमालेले त्यही विषय उठाउँदै प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई कारबाही गराउने वातावरण बनाइरहेको छ । आइतबारको बैठकमा एमाले सांसद योगेश भट्टराईले माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र शक्ति बस्नेतलाई स्पष्टीकरण सोध्नुपर्ने प्रस्ताव गरेका थिए । समिति बैठक निर्णय गर्न असमर्थ देखिएपछि सभापति पोखेलले आइतबारको बैठक निर्णय नगरी स्थगित गरेका छन् ।

# दशैँअघि नै दूग्ध र उखु किसानले भुक्तानी पाउँछन : कृषिमन्त्री अधिकारी

काठमाडौं(जस)-कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले दशैँअघि नै दूग्ध र उखु किसानले भुक्तानी पाइसक्ने बताएका छन् । मन्त्रालयमा आइतबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनले कृषकको रकम भुक्तानीलाई मन्त्रालयले प्राथमिकतामा राखेर काम गरिरहेको बताएका हुन् ।

बजारको अभावमा किसान आहतमा पर्ने अवस्थाको अन्त्य गरिने पनि उनले प्रतिबद्धता जनाए । मन्त्रालयले रैथाने उत्पादनलाई प्रोत्साहन गर्ने भएको छ । उद्योग मन्त्रालयसँग समन्वय गरेर कोदोबाट हुने उत्पादनको प्रवर्द्धन गर्ने कार्यक्रमलाई पनि मन्त्रालयले प्राथमिकतामा राखेको छ । विषादीमुक्त अनाज उत्पादनमा जोड दिने कार्यक्रमलाई पनि अघि बढाउने तयारीमा मन्त्रालय रहेको उनले बताए । कृषि अनुदानको दुरुपयोग भइरहेको गुनासो बढिरहेका बेला अनुदान लैजानेको नाम सार्वजनिक गरिने उनले सुनाए । "व्यावसायिक खेतीमा युवा आकर्षण बढाइने छ, वडास्तरमा कृषिका नमूना फार्म निर्माण गरेर त्यसलाई सिकाइ केन्द्रका रुपमा स्थापित गरिने छ, स्थानीय तहमा पशु अस्पताल बनाइने छ, साना किसानलाई मन्त्रालयसम्म आउने वातावरण तयार पार्ने मन्त्रालयको योजना छ", मन्त्री अधिकारीले भने ।

मध्यपहाडी जिल्लामा रैथाने बाली संरक्षणका लागि विशेष कार्यक्रम ल्याउने, कृषिसँग सरोकार भएका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, वन तथा वातावरण, ऊर्जा तथा सिँचाइ, अर्थलगायत मन्त्रालयसँग समन्वय गरेर कृषि क्षेत्रको विकासमा काम गर्नेमा उनले प्रतिबद्धता व्यक्त गरे । हाल ३० लाख हेक्टर खेती योग्य जमिनमा मात्र खेती भएको उल्लेख गर्दै मन्त्री अधिकारीले बाँकी १० हेक्टर जमिनमा पनि खेती गराउने गरी नीति निर्माण गरिने योजना सुनाए ।

धान, चामल आयातलाई घटाउन उत्पादन वृद्धि गर्ने, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत् तरकारीमा थप आत्मनिर्भर बनाउने, दुग्ध विकास संस्थानको पुनःसंरचना गर्ने कार्यक्रमलाई पनि रहेको उनले जानकारी दिए ।


## पुर्वाधार विकास कार्यालय

विराटनगर, मोरङ

## पुर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

**सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले भैरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।**

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right या Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालना गरौ ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौ ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौ ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौ र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौ ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौ ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ(बायाँ रूख विरुवा रोपौ ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौ ।
- सडकको दायाँ(बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौ ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी
- विकासको हरेक काम कारबाही जानकारी राखौ ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


# बुद्धका दर्शन र सन्देशलाई शिक्षाका माध्यमबाट विस्तार गर्न प्रधानमन्त्रीको जोड

काठमाडौं(जस)-प्रधानमन्त्री केपी शर्मा ओलीले बुद्धका दर्शन र सन्देशलाई शिक्षाका माध्यमबाट विस्तार गर्नुपर्ने बताएका छन् । लुम्बिनी बौद्ध विश्वविद्यालयको १६औं सभा बैठकमा सो विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रधानमन्त्री ओलीले विश्व मानव जातिका लागि ऐतिहासिक योगदान दिने बुद्ध दर्शनको रक्षा र विस्तार गर्न नयाँ सोचका साथ खोलिएको यस विश्वविद्यालयले महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताए । उनले नेपालीको चेतना, गौरव र इतिहाससँग यो विश्वविद्यालय जोडिएकाले बुद्धले सिकाएका सकारात्मक र मैत्रीचेत अहिले पनि सामयिक भएको बताए ।

"बुद्ध दर्शनको अनुयायी र भिक्षु हुन वस्त्र लगाएर मात्रै हुँदैन । यस्का लागि ज्ञान र मन चाहिन्छ," प्रधानमन्त्री ओलीले भने, "हामीले बौद्ध दर्शनको शिक्षा सुरु गरेका छौँ । हामीले जीवनलाई सपार्ने गुणस्तरीय शिक्षा दिनुछ । दृढ़ अठोट र निरन्तर प्रयासबाट हामी विकास हासिल गर्न सक्छौँ र सफलतामा पुग्न सक्छौँ ।"शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई सहभागी बैठकले आगामी मङ्सिरमा हुने तेस्रो दीक्षान्तका लागि दुई सय ८५ विद्यार्थीको 'ग्रेस लिस्ट'का साथै चालू आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट पारित गरेको छ ।

# सहकारी पीडित चतुर्वेदी मृत भेटिए

काठमाडौं(जस)-गोकर्णेश्वर नगरपालिका-८ अत्तरखेलमा सहकारी पीडित आमोद चतुर्वेदी मृत भेटिएका छन् । मोरङको विराटनगर घर भएका शनिबार राति अत्तरखेलस्थित डेरामा झुन्डिएको अवस्थामा भेटिएको प्रहरी वृत्त बौद्धका प्रमुख प्रहरी नायव उपरीक्षक राजु पाण्डेले जानकारी दिए ।

मृतक चतुर्वेदी गोकर्णेश्वर-८ अत्तरखेलस्थित कान्ति भैरव बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा पैसा जम्मा गरेका बचतकर्ता हुन् । बचत फिर्ता नपाउँदा उनले आत्महत्या गरेको हुनसक्ने प्रहरीको आशङ्का छ । उनको शव परीक्षण गर्न त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल लगिएको छ । चतुर्वेदी मृत भेटिएको सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक पाण्डेले बताए ।

चतुर्वेदी गोकर्णेश्वर-८ स्थित नेपाल मेडिकल कलेजमा कार्यरत थिए । उनले त्यहीँ रहेको कान्ति भैरव सहकारीमा पैसा जम्मा गर्ने गरेको बताइएको छ । चतुर्वेदीले सहकारीमा जम्मा गरिएको बचत रकम लिन दुई वर्षदेखि धाउँदै आएका कान्ति भैरव पीडित सङ्घर्ष समितिका सदस्य राजेशकुमार विष्टले जानकारी दिए ।

"उनले खुट्टा भाँचिएका कारण सहकारीबाट बचत फिर्ता लिन सहकारी धाउने गरेका थिए, उपचार गर्न नपाउँदा चतुर्वेदी तनावमा थिए", उनले भने । चतुर्वेदीले उक्त सहकारीमा रु २५ लाख बचत गरेको र सो बचत रकम फिर्ता नपाएका कारण बिरामी श्रीमती र छोरीको उपचार गर्न नपाएको पीडित सङ्घर्ष समितिका पदाधिकारीसँग गुनासो गर्दैआएका सदस्य विष्टले बताए ।

# ३० वर्षे सेवा अवधि हटाउन माग गर्दै सशस्त्रका अधिकारी पनि सर्वोच्चमा

काठमाडौं(जस)-नेपाल प्रहरीबाट अवकाश पत्र पाएका २१ अधिकारी सर्वोच्च अदालतको अन्तरिम आदेशमार्फत थमौती भएपछि सशस्त्र प्रहरीका अधिकारीहरु पनि सर्वोच्च गुहार्न पुगेका छन् ।

सशस्त्र प्रहरी नायब महानिरीक्षक (डीआईजी) सहितका अधिकारीहरू ३० वर्षे हटाउन माग गर्दै सर्वोच्च अदालत पुगेका छन् । भदौ १६ गतेदेखि ३० वर्षे सेवा अवधिका कारण अनिवार्य अवकास हुन लागेका डीआईजी अभिकुमार खत्रीसहित १२ जनाले आइतबार सर्वोच्च अदालतमा रिट दायर गरेका छन् ।

उनीहरूको रिटको पेसी मंगलबारलाई तोकिएको छ । सर्वोच्चका न्यायाधीश हरि फुयालको इजलासले ३० वर्षेसम्बन्धी पत्र कार्यान्वयन नगर्न र उक्त आधारमा अघि नबढ्न अन्तरिम आदेश जारी गरेको थियो । त्यससँगै उस्तै नियमावली रहेको सशस्त्र प्रहरी बलको ३० वर्षे सेवा हद खारेजीको माग गर्दै सर्वोच्चमा रिट दायर भएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाइएको रिटमा सशस्त्र प्रहरी नियमावलीको नियम ६५ निस्क्रिय पार्न माग गरिएको छ । सर्वोच्चले नेपाल प्रहरीको नियम १२७ (१) (घ) कार्यान्वयन नगर्न आदेश जारी गरेको थियो । अन्तरिम आदेशले निरन्तरता पाउने/नपाउने पूर्ण सुनुवाइबाट निर्णय हुनेछ । तर, त्यसको प्रभाव सशस्त्र प्रहरीमा परिसकेको छ। नेपाल प्रहरीमा जस्तै अवकाश नजिक रहेका सशस्त्रका अधिकारीले उस्तै प्रकृतिको रिट दायर गरेका हुन् ।

# विकास निर्माणमा वातावरणीय प्रभावलाई ध्यानमा राख्नुपर्छ : उपप्रधानमन्त्री सिंह



काठमाडौं(जस)-उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहले वातावरणीय प्रभावलाई ध्यानमा राखेर विकास निर्माणको कामलाई द्रुत गतिमा अगाडि बढाउनुपर्ने बताएका छन् । सहरी विकास मन्त्रालयले आइतबार आयोजना गरेको वातावरणीय अध्ययन कार्यको सहजीकरणसम्बन्धी छलफलमा बोल्दै उहाँले वातावरण नाश नहुने गरी विकासको गतिलाई तीव्रता दिनुपर्ने बताए ।

त्यस्तै उनले विकास निर्माणको काममा ढिलाई हुने अव्यवहारिक कानुनी व्यवस्था हटाउनुपर्नेमा पनि जोड दिए । 'जलवायु परिवर्तनको कारण वातावरणमा ठूलो प्रभाव पारेको छ, यसलाई ध्यानमा राखेर विकास निर्माणको कामलाई अगाडि बढाउनुपर्छ,' उपप्रधानमन्त्री सिंहले भने, 'देशको विकास निर्माणका क्रममा वातावरण मुल्यांकनले ढिलासुस्ती भयो भने हामीले धेरै मुल्य चुकाउनुपर्ने हुन्छ । विकास निर्माणमा भइरहेको ढिलाई कसरी समाधान गर्ने त्यसमा ध्यान केन्द्रित गर्नुपर्छ ।

उपप्रधानमन्त्री सिंहले वातावरणीय अध्ययन मूल्याङ्कमा हुने ढिलासुस्तीले आयोजना महङ्गो हुँदै गएको भन्दै जनशक्ति थप गरेर भएपनि काम समयमै सक्नुपर्ने बताए । 'समस्यामात्र देखाउनुभन्दा समाधान दिनतर्फ सबै विकाससँग सम्बन्धीत मन्त्रालय लाग्नुपर्छ,' उपप्रधानमन्त्री सिंहले भने । उर्जा, जलस्रोत तथा सिंचाईमन्त्री दीपक खड्काले १० वर्षमा २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य सरकारले राखेकाले लक्ष्य प्राप्तीका लागि हुने वन र जग्गाप्राप्तीको समस्यालाई सम्बोधनमा लाग्नुपर्ने आवश्यक रहेको बताए । त्यस्तै,भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले वन ऐन र राष्ट्रिय निकुञ्ज ऐनको कतिपय प्रावधानलाई सच्याएर अगाडि बढाउनुपर्ने बताए ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले विकाससँग जोडिएका मन्त्रालयका समस्या समाधानमा वन तथा वातावरण मन्त्रालय सकारात्मक रहेको भन्दै जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न वन जोगाउनुपर्ने अवस्था सिर्जना भएपनि विकासको काम पनि सँगै अगाडि बढाउनुपर्ने उल्लेख गरे । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले मुलुकको निर्माणका लागि बाधक बनेका ऐन, कानूनलाई परिमार्जन गर्दै अगाडि बढ्नुपर्ने बताए ।


## Birtamode Municipality
### Office of Municipal Executive
Birtamode, Jhapa
Koshi Province, Nepal

**INVITATION FOR BIDS**

**Date of first publication: 26th August,2024 (2081/05/10)**

1. **Birtamode Municipality** invites electronic bids from eligible bidders for the procurement of the following works under National Competitive Bidding (NCB) and Sealed Quotation (SQ) procedures:

| S. N. | Contract Identification No. | Description | Estimate Amount (With Vat & PS) NRs | Bid Security NRs | Cost of Bid Document NRs | Last Date of Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | BTMMUN/ GOODS/ SQ-02/081/82 | Procurement & Supply of natural Sand Gravel Subbase (RBM) materials at Birtamode Municipality | 19,53,020.08/- | 52,000/- | 1000/- | At 12:00 Noon of 25th Bhadra, 2081 | At 14:00 Noon of 25th Bhadra, 2081 |
| 2. | BTMMUN/ GOODS/NCB-03/081/82 | Procurement, Supply and Delivery of Hardtop Jeep SUV at Birtamode Municipality | 75,00,000.00 /- | 2,00,000/- | 3000/- | At 12:00 Noon of 9th Ashoj, 2081 | At 14:00 Noon of 9th Ashoj, 2081 |
| 3. | BTMMUN/ GOODS/SQ-04/081/82 | Procurement, Supply and Delivery of Computer and other electronic related items at Birtamode Municipality | 19,93,000.00/- | 52,000/- | 1000/- | At 12:00 Noon of 25th Bhadra, 2081 | At 14:00 Noon of 25th Bhadra, 2081 |

2. Eligible Bidders may refer complete set of Bid Documents for further information and Office of Birtamode Municipality, Birtamode, Jhapa or visit PPMO's website: www.bolpatra.gov.np/egp. Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**